©Helen Keller International. Permission to publish online, November 2006

# खस्रे रोगबाट बचौं









"सबै जना मिली खस्रे रोगको नियन्त्रण तथा रोकथाम गरौं"

ट्रकोमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम, हेलेर केलर इन्टरनेशनल नेपालद्वारा प्रकाशित तथा वितरित
२०५९

# आँखा




यो के को चित्र हो ?

आँखा हामीलाई किन चाहिन्छ ?

आँखा नभए के हुन्छ ?

# आँखाको रोग

के आँखामा रोग लाग्छ ?



आँखामा रोग लागेको कुरा
कसरी थाहा पाउँने ?

आँखामा रोग लागेपछि के हुन्छ ?

# आँखा पाक्नु



के तिम्रो आँखा
कहिल्यै पाकेको छ ?

के तिमीले आँखा पाकेको
मानिस देखेका छौ ?

आँखा पाक्दा के के हुन्छ ?

# खस्रे रोग



के तिमीले खस्रे रोग भनेको सुनेका छौ ?

खस्रे रोग लागेको मानिस देखेका छौ ?

खस्रे रोग कसरी सर्छ, तिमीलाई थाहा छ ?

# खस्रे रोग



खस्रे रोग भनेको आँखामा लाग्ने रोग हो ।
यो एक मानिसबाट अर्को मानिसमा सजिलैसँग सर्छ ।
यो रोग लागेपछि पछि गएर मानिस अन्धो हुन सक्छ ।


# खस्रे रोगका लक्षण



खस्रे रोग लाग्दा आँखा पाक्छ, आँखा रातो हुन्छ ।




आँखा चिलाउँछ, बिझाउँछ र आँखाको डिल सुन्निन्छ ।



आँखाबाट कचेरा आइरहन्छ र आँखा दुखिरहन्छ ।


# खस्रे रोग सर्ने माध्यम

खस्रे रोग झिँगाले सजिलै सार्छ ।





यो रोग कपडाबाट पनि सर्छ ।



यो रोग हातका औंलाबाट पनि एकबाट अर्कोमा सर्छ ।

# खस्रे रोगबाट बच्ने उपाय



खस्रे रोगबाट बच्न भिँगा धपाउनु पर्छ ।



हात, मुख, आँखा सफा राख्नु पर्छ ।



दिसा गरीसकेपछि चर्पी सधैं सफा गर्नु पर्छ ।

# मुख धुने बानी

खस्रे रोगबाट बच्न दिनमा
कस्तीमा दुई पटक मुख धुनुपर्छ ।



मुख धुँदा आँखा राम्ररी सफा
गर्नुपर्छ ।

मुख धुँदा नाकको सिँगान पनि
राम्ररी सफा गर्नुपर्छ ।

# वातावरणीय सुधार



दिशा पिसाब सधैं चर्पीमा नै गर्नुपर्छ ।



घर, कक्षाकोठा र विद्यालय सफा राख्नुपर्छ ।



वातावरण स्वस्थ राख्न घर वरपर
बोट बिरुवा लगाउनु पर्छ ।

# कहिल्यै नगर्नु



खस्रे रोग लागेको मानिसले प्रयोग गरेको कपडा प्रयोग गर्नु हुँदैन ।



आँखाको कचेरा र नाकको सिँगान जहाँ पायो त्यहीं पुछ्नु हुँदैन ।



घरसँगै गाईबस्तुको गोठ बनाउनु हुँदैन र घर वरपर फोहर गर्नु हुँदैन ।

# अरुका लागि जानकारी



खस्रे रोग बारे सिकेका कुराहरु आफ्नो साथीहरुलाई पनि भन ।

मुख धुनुपर्छ भन्ने कुरा आफ्नो साथीहरुलाई पनि सिकाऊ ।

घर तथा घर वरपर सधैं सफा राख्नु पर्छ भन्ने कुरा आफ्ना साथीहरुलाई बताऊ ।

# अब देखि शुरु गरौं



साथीहरु

जथाभावी दिसापिसाव नगरौं, सधैं चर्पी प्रयोग गर्ने गरौं ।

जथाभावी फोहर नगरौं, वातावरण सफा राख्न सहयोग गरौं ।

आँखा सधैं सफा राखौं र अन्धो हुनबाट बचौं ।

# छलफल

खस्रे रोगबाट तिमी आफू बच्न के गर्न सक्छौ ?

खस्रे रोगबाट आफ्नो परिवारलाई बचाउन तिमी के गर्न सक्छौ ?

खस्रे रोगबाट आफ्नो समुदायलाई बचाउन तिमी के गर्न सक्छौ ?

# अभ्यास

क) के तिमी झिँगाको चित्र बनाउन सक्छौं ? यदि सक्छौ भने तलको ठाउँमा झिँगाको चित्र बनाऊ ।

ख) के तिमीलाई सफा घर भनेको थाहा छ ? यदि थाहा छ भने तलको खालि ठाउँमा सफा घरको चित्र बनाऊ ।

ट्रकोमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम
हेलेन केलर इन्टरनेशनल नेपाल
पो.ब.नं. ३७५२, मिनभवन
काठमाण्डौ, नेपाल
टेलिफोन: ९७७-०१-४८०९२१, ४९३३४४
फ्याक्स: ९७७-०१-४८०२३४
इमेल: **hki@hkipc.wlink.com.np**

Trachoma School Health Program

District Education Office
Kailali and Kanchanpur

NNSWA
Kanchanpur

ECARDS-Nepal
Kailali

Helen Keller
WORLDWIDE

Helen Keller International Nepal
A division of Helen Keller Worldwide